





"लिम्चुङबुङ ज्ञान र सिपको उज्यालो पाईला"

# लिम्चुङबुङ गाउँपालिका

## सिकारु सिप विकास कार्यक्रम

## ललितकला सदन

## कक्षा ९–१२

**शिक्षामा सिप**

पाठ्यक्रम मार्गदर्शन (१०० घण्टा)

प्रयोगात्मक ७० घण्टा | शैद्धान्तिक ३० घण्टा





लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुर, कोशी प्रदेश

## प्रमुख संरक्षक

श्री पुष्पलाल राई, कार्यवाहक अध्यक्ष

**सल्लाहकारः**

श्री मेजर कुमार राई, पुर्व गाँउपालिका अध्यक्ष

श्री सन्देश राई, प्रमुख प्रशासकिय अधिकृत

श्री जितेन्द्र राई, सामाजिक विकास समिति संयोजक

श्री जनदिप थापा मगर, वडा अध्यक्ष वडा न. एक

श्री गुरुमणी कुमाई, वडा अध्यक्ष वडा न. तिन

श्री छत्र बहादुर राई, वडा अध्यक्ष वडा न. चार

श्री कवि चन्द्र राई, वडा अध्यक्ष वडा न. पाँच

श्री गोविन्द कार्की, प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा

**परिकल्पनाः**

श्री गोविन्द कार्की, प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा

**पाठ्यक्रम निर्माण कार्यदलः**

| | |
|---|---|
| श्री विश्वराम राई | संयोजक |
| श्री युवराज खत्री | STEAM पाठ्यक्रम मार्गदर्न लेखन सदस्य |
| श्री लक्ष्मीदेवी कार्की | उद्यम पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |
| श्री शिवराम राई | कृषि पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |
| श्री लाल बहादुर विश्वकर्मा | ललितकला पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |

**भाषा सम्पादनः**

श्री नविन खड्का

**कम्प्युटरः**

श्री गोविन्द कार्की

श्री भुपेन्द्र कार्की

**प्रकाशकः लिम्चुङबुङ गाउँपालिका**
**उदयपुर, कोशी प्रदेश, नेपाल**
**सर्वाधिकारः प्रकाशकमा**
**प्रकाशन वर्ष : २०८३**
**मुद्रण प्रतिः २००**
**सेटिङ : सञ्जय कुमार राजवंशी**
**मुद्रकः नव दुर्गा प्रिन्टर्स, विराटनगर-११, मोरङ**

## शुभकामना मन्तव्य

राष्ट्रको सर्वाङ्गिण समुन्नति एवं सभ्यताको जननी शिक्षा हो। आजको युगमा सर्वपक्षीय अवसरका ढोकाहरू उद्घाटन गर्ने जीवनोपयोगी नैतिक अनुशासित एवं विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक एवं प्रयोगात्मक शिक्षा अनि उक्त शिक्षालाई सही मार्गदर्शन गर्न सक्ने सैद्धान्तिक शिक्षाले मात्र आजको साझा आवश्यकतालाई पुष्टि गर्ने भएकोले हामीले शिक्षामासीप कार्यक्रमलाई समेत जोड दिएका छौं।

हामीलाई पूर्ण विश्वास छ कि सिकाई र सीप एकअर्काका परिपरक हुन् सिकाइले सीपलाई परिष्कृत बनाउँछ भने सिपले सिकाइलाई जीवनोपयोगी व्यवहारिक एवं दिगो बनाउँदछ। यही परियोजनार्थ हामीले स्थानीय आवश्यकता सम्भावना स्रोत साधन एवं विज्ञहरूको सुझावलाई समेट्दै शिक्षामा सिप पाठ्यक्रम मार्गदर्शन तयार गरी कार्यान्वयनको चरणमा ल्याएका छौं ।

हामीले विश्वास गरेका छौं कि सिकाइ र सीप एकअर्काका परिपूरक पक्ष हुन्। सिकाइले सीपलाई परिष्कृत बनाउँछ भने सीपले सिकाइलाई जीवन उपयोगी, व्यवहारिक र दिगो बनाउँछ। यसै उद्देश्यलाई केन्द्रमा राखी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना, स्रोतसाधन तथा विज्ञहरूको सुझावलाई समेट्दै "शिक्षामा सीप पाठ्यक्रम मार्गदर्शन" तयार गरी कार्यान्वयनको चरणमा ल्याएको छ। यो मार्गदर्शन केवल एउटा पुस्तक मात्र होइन, लिम्चुङबुङको शैक्षिक रूपान्तरणको साझा संकल्प र भविष्यको मार्गचित्र पनि हो। गाउँपालिकाभित्र रहेका ३४ वटा विद्यालयमा क्रमशः कार्यान्वयन गरिने यस कार्यक्रमअन्तर्गत कक्षा १—३ मा आधारभूत तहको पाठ्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरिएको छ। त्यसैगरी कक्षा ४—८ र कक्षा ९—१२ लाई दुईवटा समूहमा विभाजन गरी सीपमा आधारित पाठ्यक्रम मार्गदर्शन तयार गरिएको छ। यसले विद्यालय शिक्षालाई अझ बढी व्यवहारिक, उत्पादनमुखी, अनुसन्धानमुखी र जीवनोपयोगी बनाउने अपेक्षा गरिएको छ।

विशेषतः "उद्यम सदन", "कृषि सदन", "ललितकला सदन" र "STEAM सदन" गरी चारवटा आधार स्तम्भमार्फत यस पाठ्यक्रमको संरचना निर्माण गरिएको छ। कृषि सदनले बालबालिकालाई नर्सरी व्यवस्थापन, उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा प्राकृतिक र रैथाने कृषिको संरक्षण र प्रवर्द्धनसँग जोड्नेछ। उद्यम सदनले स्थानीय उत्पादनलाई उद्यमशील सोच, नवप्रवर्तन र बजार व्यवस्थापनसँग जोड्दै स्वरोजगार र आर्थिक आत्मनिर्भरताको आधार निर्माण गर्नेछ। ललितकला सदनले स्थानीय कला, संस्कृति, परम्परा र सिर्जनशीलतालाई आधुनिक सन्दर्भसँग जोडेर बालबालिकाको सृजनात्मक क्षमताको विकास गर्नेछ। साथै STEAM सदनले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको एकीकृत प्रयोगमार्फत स्थानीय ज्ञान र सीपलाई विश्वव्यापी अवसरहरूसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नेछ।

यस महत्वपूर्ण पाठ्यक्रम मार्गदर्शन निर्माणका क्रममा अमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरू, शिक्षा क्षेत्रका विज्ञहरू, विद्यालय परिवार, अभिभावक तथा समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। विशेष गरी पाठ्यक्रम लेखन तथा विकास कार्यमा प्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण लेखक, प्राविधिक टोली तथा कार्यदलका सदस्यहरूप्रति हार्दिक आभार तथा सम्मान व्यक्त गर्दछु। यस अवधारणालाई व्यवहारमा उतार्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षा, युवा तथा खेलकुद शाखाप्रति पनि विशेष धन्यवाद ज्ञापन गर्दछु।

यस कार्यक्रमका वास्तविक कार्यान्वयनकर्ता हाम्रा शिक्षकहरू हुनुहुन्छ। शिक्षकहरूको सिर्जनशीलता, समर्पण र मेहनतले नै यस पाठ्यक्रमलाई जीवन्त बनाउनेछ। साथै अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा सम्पूर्ण समुदायले यसको अपनत्व ग्रहण गरी सहकार्य गर्नुभयो भने यो अभियान अझ प्रभावकारी, दिगो र रूपान्तरणकारी बन्ने विश्वास लिएको छु।

अन्त्यमा, "शिक्षामा सीप पाठ्यक्रम मार्गदर्शन" लिम्चुङबुङ गाउँपालिकाको शैक्षिक इतिहासमा एउटा महत्वपूर्ण कोशेढुङ्गा सावित होस्, यसले हाम्रा बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याओस् तथा समृद्ध लिम्चुङबुङ निर्माणको अभियानलाई थप ऊर्जा प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**पुष्पलाल राई**
गाउँपालिका अध्यक्ष
लिम्चुङबुङ गाउँपालिका, उदयपुर

## दुई शब्द

शिक्षा समाजको ऐना मात्र होइन, राष्ट्र निर्माणको आधार पनि हो। शिक्षा सार्वजनिक सम्पत्ति भएकाले यसको गुणस्तर, उपयोगिता र प्रभावकारिता सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो। नेपालको राष्ट्रिय पाठ्यक्रमले शिक्षालाई सीपसँग जोड्ने उद्देश्य लिएको भए तापनि व्यवहारिक कार्यान्वयनका पक्षमा अझै धेरै काम गर्नुपर्ने अवस्था विद्यमान छ। यही यथार्थलाई आत्मसात गर्दै लिम्चुङबुङ गाउँपालिकाले बालबालिकाको सिकाइलाई जीवनोपयोगी, व्यवहारिक र उत्पादनमुखी बनाउने उद्देश्यका साथ "शिक्षामा सीप" कार्यक्रम अन्तर्गत यो पाठ्यक्रम मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याएको छ। हाम्रो विश्वास छ'सिकाइ र सीप एकअर्काका परिपूरक पक्ष हुन्। सीपविहीन शिक्षा अपूर्ण हुन्छ भने शिक्षाविहीन सीप दीर्घकालीन रूपमा प्रभावकारी बन्न सक्दैन। त्यसैले बालबालिकालाई सानै उमेरदेखि सीप, कला, उद्यमशीलता र नवप्रवर्तनसँग जोड्नु आजको आवश्यकता हो।

कृषिको प्रचुर सम्भावना रहेको हाम्रो गाउँपालिकामा कृषि सदनमार्फत बालबालिकाले नर्सरी व्यवस्थापन, कृषि डिजाइन, उत्पादन, भण्डारण, बजारीकरण, उद्यमशीलता तथा व्यावसायिक सोचका आधारभूत ज्ञान र सीप हासिल गर्नेछन्। यसले कृषिलाई केवल परम्परागत पेशाका रूपमा नभई सम्मानित, आधुनिक र सम्भावनायुक्त व्यवसायका रूपमा बुझ्न सहयोग गर्नेछ।

त्यसैगरी उद्यम सदनले आयआर्जन, बचत, लगानी, उद्यमशील सोच तथा स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सीप विकासमा योगदान पुर्‍याउनेछ। हामी केवल उपभोक्ता होइनौं, सृजनशील उत्पादक र उद्यमी नागरिक बन्न सक्छौं भन्ने आत्मविश्वास बालबालिकामा विकास गर्नु यस कार्यक्रमको महत्वपूर्ण लक्ष्य हो।

ललितकला सदनले स्थानीय कला, संस्कृति, भाषा, परम्परा र मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्दै "लोकल टु ग्लोबल" अवधारणालाई आत्मसात गर्नेछ। यसले हाम्रा मौलिक सम्पदालाई आधुनिक सन्दर्भसँग जोड्दै नयाँ पुस्तामा सिर्जनशीलता र सांस्कृतिक गर्वको भावना विकास गर्ने अपेक्षा गरिएको छ।

STEAM सदनमार्फत बालबालिकाले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको एकीकृत प्रयोग गर्दै कृत्रिम बुद्धिमत्ता (AI), कम्प्युटिङ, डिजिटल नवप्रवर्तन, आविष्कार तथा स्थानीय ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्ने अवसर प्राप्त गर्नेछन्। यसले उनीहरूलाई भविष्यका चुनौती र अवसर सामना गर्न सक्षम बनाउनेछ।

यस कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष भनेको समुदायमा रहेका ज्ञान, सीप, अनुभव र विज्ञतालाई विद्यालय शिक्षासँग जोड्ने "Community to School Interconnectedness" को अवधारणा हो। समुदाय र विद्यालयबीचको सहकार्यबाट सिकाइलाई अझ जीवन्त, सान्दर्भिक र विश्वस्तरीय बनाउन सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ।

गाउँपालिकाका ३४ वटा विद्यालयमा अध्ययनरत करिब २,२०० बालबालिकालाई सीप र सिकाइसँग जोड्ने अभियानमा कृषि सदन, उद्यम सदन, ललितकला सदन र STEAM सदन महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेछन् भन्ने पूर्ण विश्वास लिएको छु।

अन्त्यमा, यस पाठ्यक्रम मार्गदर्शन निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउनुहुने सम्पूर्ण लेखन समिति, विज्ञ, सरोकारवाला तथा सहयोगी महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै यस अभियानको नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षा शाखाप्रति विशेष आभार प्रकट गर्दछु। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायबाट निरन्तर सहयोग र समन्वय प्राप्त हुनेछ भन्ने अपेक्षा सहित यस कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**जय लिम्चुङबुङ।**

**सन्देश राई**

प्रमुख प्रशासकीय अधिकृत

लिम्चुङबुङ गाउँपालिका, उदयपुर

# शुभकामना मन्तव्य

शिक्षा केवल परीक्षा उत्तीर्ण गर्ने माध्यम होइन, जीवनलाई सक्षम, सिर्जनशील, आत्मनिर्भर र जिम्मेवार बनाउने आधार हो। आजको समयले बालबालिकालाई केवल पुस्तकको ज्ञान मात्र होइन, व्यवहारिक सीप, सिर्जनशीलता, समस्या समाधान गर्ने क्षमता र उद्यमशील सोच पनि आवश्यक बनाएको छ। यही आवश्यकतालाई मध्यनजर गर्दै लिम्चुङबुङ गाउँपालिकाले **"ज्ञान र सीपका उज्याला पाइला"** अभियानअन्तर्गत **"शिक्षामा सीप" पाठ्यक्रम मार्गदर्शन** तयार गरी कार्यान्वयनमा ल्याएको छ।

लिम्चुङबुङ गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा स्थानीय स्रोत साधनले सम्पन्न क्षेत्र हो। यहाँ उपलब्ध कृषि, वन, जैविक विविधता, कला, संस्कृति, परम्परागत ज्ञान तथा स्थानीय सीपलाई विद्यालय शिक्षासँग जोड्दै बालबालिकालाई सिकाइसँगै जीवनोपयोगी सीप विकास गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। स्थानीय सामग्रीको प्रयोग गर्दै सिक्ने, गरेर सिक्ने र उत्पादनसँग जोडिने शिक्षा नै यस पाठ्यक्रमको मूल आधार हो।

नेपालको संविधान, पन्ध्रौं तथा सोह्रौं योजनाका लक्ष्यहरू, राष्ट्रिय शिक्षा नीति तथा विद्यालय शिक्षासम्बन्धी नीतिहरूले पनि शिक्षामा सीप, उद्यमशीलता र उत्पादनमुखी शिक्षालाई विशेष महत्व दिएका छन्। विद्यालय पाठ्यक्रममा ज्ञान सीप अभिवृति विकासका विषय समावेश भए पनि सिपको (Hard skill and Soft skill) व्यवहारिक कार्यान्वयन अपेक्षाअनुसार हुन सकेको छैन। यही खाडललाई कम गर्दै विद्यालयमा सीपमूलक सिकाइलाई प्रभावकारी बनाउने विश्वासका साथ यो पाठ्यक्रम मार्गदर्शन तयार गरिएको हो।

हालको मूल्याङ्कन प्रणालीअनुसार कक्षा ६ देखि ८ सम्म ५० प्रतिशत र कक्षा ९ देखि १२ सम्म २५ प्रतिशत आन्तरिक मूल्याङ्कन प्रयोगात्मक, परियोजना तथा सिर्जनात्मक कार्यमा आधारित रहेको व्यवस्था छ। यस व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यो पाठ्यक्रम मार्गदर्शन कोशेढुङ्गा साबित हुनेछ भन्ने विश्वास लिएको छु।

यस मार्गदर्शनमार्फत **कृषि सदन, उद्यम सदन, ललितकला सदन र STEAM सदन** गरी चारवटा सदन सञ्चालन गरिनेछन्। यी सदनहरूले स्थानीय ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्दै विद्यार्थीमा सीप, उत्पादन, नवप्रवर्तन, उद्यमशीलता र नेतृत्व क्षमता विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेछन्। उत्पादनदेखि बजारीकरण, रोजगारी र स्वरोजगारसम्मको यात्रामा विद्यार्थीलाई तयार पार्दै समृद्ध समाज र समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउने हाम्रो लक्ष्य रहेको छ।

गाउँपालिकामा शैक्षिक जनशक्तिको सीमितता रहेको अवस्थामा समुदायमा रहेका दक्ष किसान, उद्यमी, कलाकार, प्राविधिक, ज्येष्ठ नागरिक तथा विभिन्न क्षेत्रका विज्ञहरूको ज्ञान र अनुभवलाई विद्यालयसँग जोड्ने **Community Wisdom** को अवधारणाले विद्यालय र समुदायबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विश्वास लिएको छु।

यो पाठ्यक्रम मार्गदर्शन निर्माणका क्रममा महत्वपूर्ण सुझाव, सहयोग र सहकार्य गर्नुहुने सम्माननीय गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, शिक्षा समितिका पदाधिकारीहरू, लेखक कार्यदल, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

लिम्चुङबुङ गाउँपालिकाका सबै विद्यालयमा यो पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भई प्रत्येक विद्यार्थी ज्ञानसँगै सीपयुक्त, सिर्जनशील, उत्पादनमुखी र आत्मनिर्भर नागरिकका रूपमा विकसित हुनेछन् भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु। यस अभियानको सफलताका लागि सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सरोकारवालाको निरन्तर साथ, सहयोग र अपनत्व रहने अपेक्षा गर्दछु।

**धन्यवाद।**


**गोविन्द कार्की**
प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
लिम्चुङबुङ गाउँपालिका, उदयपुर

## मुख्य विषय क्षेत्र : ललित कला पाठ्यक्रम मार्गदर्शन कक्षा (९-१२)

### विषय सूची

परिचय.........................................................................................
लक्ष्य...................................................................................
उद्देश्य..................................................................................
पाठ्यक्रमको वर्णन.......................................................................
तालिम अवधि..........................................................................
लक्षित समूह...............................................................................
विद्यार्थी संख्या...........................................................................
प्रशिक्षणको भाषा.........................................................................
विद्यार्थीको उपस्थिति.....................................................
प्रशिक्षकको योग्यता.........................................
प्रशिक्षक विद्यार्थीको अनुपात.................................................
प्रशिक्षण विधि.............................................................
विद्यार्थी मूल्याङ्कन................................................
प्रशिक्षण सम्बन्धी सुझाव................................................
ललित कला पाठ्यक्रम...................................................
पाठ्यक्रम संरचना..............................................
मोड्युल : १ परिचय.....................................................................................
मोड्युल : २ ललित कला सम्बन्धी आधारभूत ज्ञान................................................
मोड्युल : ३ ललित कला सम्बन्धी दिइएको विषयवस्तुहरूको ज्ञान तथा क्रियाकलाप............
परियोजना १.....................................................................
परियोजना २.............................................................................

**परिचय :**

यस पाठ्यक्रम मार्गदर्शनमा ललितकला सम्बन्धी ज्ञान तथा सीपहरु समावेश गरिएको छ। यस पाठ्यक्रमले कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुमा सौन्दर्य चेतना, सिर्जनशीलता र अभिव्यक्तिको क्षमताको विकास गर्छ। यस पाठ्यक्रममा चित्रकला, हस्तकला, सजावट कला, परम्परागत कला, सङ्गित, नृत्य, नाट्यकला आदि विधालाई प्राथामिकता दिएर प्रयोगात्मक अभ्यासमार्फत सीप प्राप्त गर्न दक्ष हुन मार्ग निर्देशन प्रदान गर्दछ।

**लक्ष्य :**

कक्षा ( ९-१२ ) मा अध्ययनरत विद्यार्थीहरुलाई उनीहरुलाई अभिरुचि भएको विषयसँग सम्बन्धित आधारभुत सीपहरु प्रदान गर्नु।

**उद्देश्य :**

- सिर्जनात्मकताको विकास गर्नु ,
- अभिव्यक्तिको विकास गर्नु,
- साँस्कृतिक चेतना अभिवृद्धि गर्नु,
- सामुहिक भावना र सहकार्य प्रवर्द्धन गर्नु,
- व्यवसायिक सीपतर्फ आधार तयार गर्नु,

**पाठ्यक्रमको वर्णन :**

यो पाठ्यक्रम ललित कलासँग सम्बन्धित कार्यहरुमा आधारित छ र उक्त कार्यहरुलाई विभिन्न मोड्युलहरुमा समावेश गरिएको छ। (पाठ्य संरचना हेर्नुहोस् )।

**तालिम अवधि :**

१०० घण्टा

**लक्षित समूह :**

कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरु

**लक्षित स्थान :**

विद्यालय

विद्यार्थी सङ्ख्या :

एक समूहमा अधिकतम २० जना

**प्रशिक्षणको भाषा**

प्रशिक्षणको प्रमुख भाषा नेपाली हुनेछ यद्यपि छलफल स्थानीय भाषामा र प्राविधिक शब्दावलीहरु (Technical Terminologies) अंग्रेजीमा उल्लेख हुन सक्नेछन्।

**विद्यार्थी उपस्थिति :**

**सिकाई अवधिभर विद्यार्थीको उपस्थिति प्रत्येक मोडेलमा कम्तिमा ८० प्रतिशत पुगेको हुनुपर्नेछ।**

**प्रशिक्षकको योग्यता :**

१. ललितकला विषयसँग सम्बन्धित एक हप्ता तालिम लिएको शिक्षक लिएको ,

**प्रशिक्षक विद्यार्थीको अनुपात :**

- प्रयोगात्मक कक्षाका लागि १:१०
- सैद्धान्तिक कक्षाको लागि १:२०

प्रशिक्षण विधि :

यस पाठ्यक्रममा आधारित रहेर प्रशिक्षणको क्रममा उदाहरणयुक्त व्याख्या छलफल प्रदर्शन प्रदर्शन समूह कार्य अभ्यास लगायत नवीनतम शिक्षण विधिहरू प्रयोग गरिनेछ।

**प्रशिक्षण सम्बन्धि सुझाव :**

१. प्रशिक्षणपूर्व पाठ्यक्रम पूर्ण रुपमा अध्ययन गरी पाठयोजना तयार गर्ने, गराउने ।

२. प्रश्नोत्तर सत्र ( Question Answer Session ) को व्यवस्था गर्ने ।

३. ७० प्रतिशत समय ब्यबहारिक अभ्यासका लागि छुट्याउने ।

४. पाठ्यक्रमका बारेमा विद्यार्थीहरुलाई जानकारी गराउने ।

५. विद्यार्थी स्पष्ट नहुन्जेलसम्म प्रशिक्षकले सैद्धान्तिक विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट प्रशिक्षण गर्ने र सीप प्रदर्शन गर्ने ।

६. पर्याप्त मात्रामा अभ्यास गराउने र विद्यार्थीहरुलाई अन्तर्क्रिया गर्न प्रोत्साहित गर्ने ।

७. विद्यार्थी केन्द्रित सिकाइ पद्वति अवलम्बन गर्ने ।

८. विद्यार्थीलाई पर्याप्त सिकाइ सामग्री उपलब्ध गराउने ।

९. विद्यार्थीलाई नियमित उपस्थितिका लागि प्रोत्साहन गर्ने र उनीहरुको हाजिरी अभिलेख राख्ने ।

**ललित कला पाठ्यक्रम मार्गदर्शन संरचना :**

**सीपमूलक तालिमको नाम : ललित कला**

समय : सैद्वान्तिक ३० घण्टा , व्यबहारिक ७० घण्टा गरी जम्मा १०० घण्टा ।

| मोड्युल | शीर्षक | स्वभाव/प्रकृति | सैद्वान्तिक (घण्टा) | व्यबहारिक (घण्टा) | जम्मा |
|---|---|---|---|---|---|
| मोड्युल १ | **चित्रकला** | सैद्वान्तिक + व्यबहारिक | ४.५ | १०.५ | १५ |
| मोड्युल २ | **मूर्तिकला** | सैद्वान्तिक + व्यबहारिक | ४.५ | १०.५ | १५ |
| मोड्युल ३ | **नृत्य** | सैद्वान्तिक + व्यबहारिक | ४.५ | १०.५ | १५ |
| मोड्युल ४ | **गायन र वादन** | सैद्वान्तिक + व्यबहारिक | ४.५ | १०.५ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| मोड्युल ५ | **साहित्यिक सिर्जना** | सैद्वान्तिक + व्यबहारिक | ३ | ७ | १० |
| मोड्युल ६ | **नाट्य तथा उद्घोषण कला** | सैद्वान्तिक + व्यबहारिक | ४.५ | १०.५ | १५ |
| मोड्युल ७ | **फोटोग्राफी** | सैद्वान्तिक + व्यबहारिक | ४.५ | १०.५ | १५ |
| | | जम्मा | ३० | ७० | १०० |

**मोड्युल १ : चित्रकला**

| |
|---|
| **विवरण ( Description ) :** यस मोड्युलमा रेखाचित्र अभ्यास, थीममा आधारित चित्र बनाउने, रङ प्रयोग सम्बन्धि अभ्यास गर्ने, कोलाज कला र वाल पेन्टिङ गर्ने कार्यहरुसँग सम्बन्धित ज्ञान र सीप समावेश गरिएका छन् । |
| **मोड्युल परिणाम ( Module Outcome ) :** यस मोड्युल पूरा भएपछि कक्षा ९-१२ मा अध्ययन गर्ने विद्यार्थीहरु रेखाचित्र अभ्यास गर्न, थीममा आधारित चित्र बनाउन, रङ प्रयोग सम्बन्धि अभ्यास गर्न, कोलाज कला गर्न सक्षम हुनेछन् । |
| कार्यचरणहरु :<br>१.रेखाचित्र अभ्यास गर्ने<br>२.थीममा आधारित चित्र बनाउने<br>३.रङ प्रयोग सम्बन्धि अभ्यास<br>४.कोलाज कला<br>५. दृश्य चित्रण |
| समय : सैद्वान्तिक ४.५ घण्टा+व्यवहारिक १०.५ घण्टा= १५ घण्टा |

| **क्रियाकलाप /कार्य चरणहरु** | **अन्तिम कार्य सम्पादन उद्देश्य /सिकाइ उपलब्धि** | **आवश्यक प्राविधिक ज्ञान** | **अनुमानित कार्यघण्टा** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. रेखाचित्र अभ्यास गर्ने ।<br>• वस्तुको बाहिरी रेखा मात्र प्रयोग गरेर चित्र बनाउने।<br>• एकै वस्तुको विभिन्न भागमा पर्ने प्रकाश अनुसार छायांकन गराउने।<br>• गोला, सिलिन्डर, घन आदि आकृतिलाई त्रिविमीय (3D) देखिने तरिकाले कोर्ने।<br>• भवन, सडक, गल्ली वा शहरको दृश्य चित्रण गराउने।<br>• वास्तविक व्यक्ति वा फोटो हेरेर अनुहार कोर्ने।<br>• आँखाको बनावट, नाक, ओठ, कान, कपाल आदिको विस्तृत अभ्यास।<br>• टेबलमा राखिएका वस्तुहरूको समुह (जस्तै: गिलास, फलफूल, पुस्तक आदि) हेरेर चित्र बनाउने।<br>• वस्तुहरूमा प्रकाश र छायाको प्रभाव चित्रमा उतार्ने। | विभिन्न प्रकारका रेखाको परिचय र अभ्यास गर्ने | • **रेखाका प्रकारको ज्ञान** (सरल, घुमाउरो, टेढो, टुटफुट रेखा आदि)<br>• **रेखाको दबाब (Line Pressure) नियन्त्रण** – हल्का र गाढा रेखा कोर्ने अभ्यास<br>• **आकार र अनुपातको ज्ञान (Proportion & Scale)** – वस्तु वा शरीरको भागहरूको सन्तुलन<br>• **रूपरेखा चित्रण (Contour Drawing)** – वस्तुको बाहिरी आकृति पहिचान गर्न सक्ने सीप<br>• **छायांकन (Shading) र Value Scale को प्रयोग** – प्रकाश अनुसार गाढा–फिक्का देखाउने तरिका<br>• **परिप्रेक्ष्य ज्ञान (Perspective)** – वस्तु टाढा/नजिक देखाउने दृष्टिकोणको समझ<br>• **प्राकृतिक अवलोकन क्षमता** – वस्तु, मान्छे वा दृश्यलाई ध्यान दिएर हेरेर चित्रण गर्ने सीप | **३ घण्टा** |
| २. थीममा आधारित चित्र बनाउने<br>• सामाजिक, सांस्कृतिक, पर्यावरणीय, ऐतिहासिक वा समसामयिक विषयमा थिम | विद्यार्थीहरुलाई सामाजिक, वातावरणीय वा सांस्कृतिक विषयवस्तुमा | **१. प्राथमिक रङ (Primary Colors)** | **३ घण्टा** |

| | | | |
|---|---|---|---|
| चयन गराउने (जस्तै: वातावरण संरक्षण, शान्ति, जातीय विविधता, प्रविधिको प्रभाव आदि)।<br>• थिम अनुसार रंग संयोजन, प्रतीक, चिह्नको प्रयोग सम्बन्धि जानकारी गराउने<br>• समूहगत रूपमा एउटै थिममा चित्र बनाउने अभ्यास गराउने<br>• स्थानीय संस्कृति, सम्पदा वा लोककथामा आधारित थिम राखेर चित्र बनाउने।<br>• तयार भएका चित्रहरू प्रदर्शनीमार्फत सार्वजनिक गराउने र विचार आदानप्रदान गराउने। | आधारित कल्पनाशील चित्रमार्फत आफ्नो विचार, भावना र सन्देश सिर्जनात्मक ढङ्गले अभिव्यक्त गर्न सक्षम बनाउनु। | – ती रङहरू जुन अन्य कुनै रङ मिलाएर बनाउँदैन।<br>– तिनै रङ मिलाएर अन्य सबै रङ बनाइन्छ।<br>**रङहरू:**<br>• रातो (Red)<br>• निलो (Blue)<br>• पहेँलो (Yellow)<br>**२. द्वितीय रङ (Secondary Colors)**<br>– दुईवटा प्राथमिक रङ मिलाएर बन्ने रङ।<br>**उदाहरण:**<br>• रातो + पहेँलो = सुन्तला (Orange)<br>• निलो + पहेँलो = हरियो (Green)<br>• रातो + निलो = बैजनी (Violet/Purple)<br>**३. तृतीय रङ (Tertiary Colors)**<br>– प्राथमिक र द्वितीय रङ मिलाएर बन्ने रङ<br>**उदाहरण:**<br>• पहेँलो + हरियो = पहेँलो–हरियो<br>• रातो + बैजनी = रातो–बैजनी | |
| ३. रङ प्रयोग सम्बन्धि अभ्यास गर्ने<br>• रङको पहिचान गराउने (प्राथमिक, द्वितीयक, तृतीयक रङहरू)।<br>• रङ मिलाउने अभ्यास गराउने<br>• रङको गाढा–फिक्का अभ्यास गराउने।<br>• Warm र Cool color प्रयोग गरेर चित्र बनाउने।<br>• रङको मनोवैज्ञानिक प्रभावबारे छोटो अभ्यास गराउने (जस्तै: रातो = ऊर्जा, निलो = शान्त)। | रङको नाम, प्रकार,प्रयोग, संयोजन र भाव व्यक्त गर्ने तरिका बुझाई सृजनात्मक अभिव्यक्तिको विकास गर्नु | | **३ घण्टा** |

| | | | |
|---|---|---|---|
| • प्राकृतिक दृश्यको चित्रमा यथार्थपरक रङ प्रयोग गराउने।<br>• विषयवस्तु अनुसार उपयुक्त रङ चयन गराउने (जस्तै: दुखद दृश्यमा गाढा, शान्त दृश्यमा हल्का रङहरू)।<br>• विभिन्न सतह (कागज, क्यान्भास, कार्डबोर्ड) मा रङ गर्ने अभ्यास गराउने। | | **४. गाढा–फिक्का रङ (Tints and Shades)**<br><br>• रङमा सेतो मिसाएर फिक्का रङ (Tint) बनाइन्छ।<br>• रङमा कालो मिसाएर गाढा रङ (Shade) बनाइन्छ।<br><br>**५. गरम रङ (Warm Colors)**<br><br>– ऊर्जाशीलता र उत्साह दिन्छन्।<br>रातो, सुन्तला, पहेँलो<br><br>**६. चिसो रङ (Cool Colors)**<br><br>– शान्त, सन्तुलित अनुभूति दिन्छन्।<br>हरियो, निलो, बैजनी | |
| ४. कोलाज कला<br><br>• विभिन्न प्रकारका कागज (रंगीन, समाचारपत्र, पत्रिका, क्यालेन्डर आदि) काटेर रचना तयार गराउने।<br>• पुराना किताब, फोटा, क्याटलग चित्र काटी संयोजन गराउने।<br>• कुनै विशेष विषय (जस्तै: वातावरण संरक्षण, शिक्षाको महत्व, डिजिटल युग आदि) मा आधारित कोलाज बनाउन लगाउने।<br>• प्रकृति, जनजीवन, संस्कृति, प्रविधि आदिका चित्र र रंगको संयोजनबाट दृश्य निर्माण गराउने। | विद्यार्थीहरूले विभिन्न सामग्रीहरूको सृजनात्मक संयोजनमार्फत दृश्य अभिव्यक्तिको क्षमता विकास गर्न | **कोलाजको आधारभूत अर्थ र प्रकारको ज्ञान**<br><br>• **थिम (Theme) वा विचार चयन गर्ने क्षमता** – चित्रले व्यक्त गर्ने सन्देश बुझ्ने र योजना बनाउन सक्ने<br>• **रचना (Composition) को ज्ञान** – सामग्रीहरूलाई सन्तुलित र आकर्षक रूपमा मिलाउने तरिका<br>• **रङ संयोजनको समझ (Color Harmony)** – कोलाजमा प्रयोग हुने रङहरू बीच सन्तुलन राख्ने ज्ञान<br>• **चित्र वा सामग्री चयन गर्ने सीप** – पत्रपत्रिका, रंगीन | **३ घण्टा** |

| | | | |
|---|---|---|---|
| • विभिन्न बनावट भएका सामग्रीहरू (कपडा, धागो,विरुवाका पात, अन्न,गेडागुडी प्रयोग गरी मिश्रित कोलाज बनाउने।<br>• आधा चित्र कोर्ने र बाँकी भाग वास्तविक वस्तु टाँसेर कोलाज बनाउने ।<br>• सामाजिक सन्देश दिने कोलाज बनाउने र त्यसको वर्णन लेख्न लगाउने।<br>• समूहगत रूपमा ठूलो आकारको कोलाज बनाउने (Team Project) र प्रस्तुति गराउने।<br>• कोलाजबाट पोस्टर/ब्यानर/कला पत्रिका बनाउने अभ्यास गराउने। | | कागज, कपडा, फोटा आदि सामग्री उपयोग गर्ने तरिका<br>• **काट्ने र टाँस्ने सिप (Cutting & Pasting Skill)** – सरसफाइका साथ सामग्री काट्ने र सटीक टाँस्ने तरिका<br>• **आकार र बनावट सिर्जना गर्ने तरिका**<br>• **सामग्रीहरूको सन्दर्भ अनुसार प्रयोग गर्ने ज्ञान** – दृश्य अनुसार उपयुक्त आकृति, चित्र वा शब्द प्रयोग<br>• **सजावट (Finishing) को ज्ञान** – अन्तिम स्पर्शमा स्पष्टता, सफाइ र सौन्दर्य थप्ने सीप<br>• **सुरक्षा र सफाइ सम्बन्धी सावधानी** – कैंची, गोंद, ब्लेड आदि प्रयोग गर्दा सतर्कता अपनाउने तरिका | |
| ५. दृश्य चित्रण<br>• विद्यालय वा स्थानीय वातावरण (गाउँ, शहर, खेत, जंगल, हिमाल,पहाड आदि प्राकृतिक दृश्य चित्रण गराउने।<br>• एक घटनाको क्रमिक चित्रण जस्तै: मेला, चाडपर्व, दुर्घटना वा परम्परागत कार्य।<br>• सामाजिक विषयहरूमा आधारित दृश्य चित्र बनाउने | विद्यार्थीहरूले देखिएका वस्तु, दृश्य वा घटनालाई कल्पनाशील रूपमा चित्रमार्फत स्पष्ट र प्रभावकारी ढंगले अभिव्यक्त गर्न सक्ने क्षमता विकास | • **अवलोकन क्षमता (Observation Skills)** – वातावरण, वस्तु, मानिस वा घटनालाई सूक्ष्म रूपमा हेरेर चित्रण गर्ने सीप<br>• **रचना (Composition) को समझ** – दृश्यमा वस्तु, पात्र र पृष्ठभूमिको उचित स्थान मिलाउने तरिका<br>• **आकार र अनुपातको ज्ञान (Proportion & Scale)** – | ३ घण्टा |

| | | | |
|---|---|---|---|
| जस्तै : बालविवाह, लैङ्गिक समानता, प्रदूषण नियन्त्रण आदि।<br>• कल्पनाशील वा भविष्यवादी दृश्य चित्रण — भविष्यको शहर, रोबोट समाज, अन्तरिक्ष यात्रा आदि। | | वस्तुहरूबीचको सम्बन्ध र सन्तुलन कायम राख्ने सीप<br>• **प्रकाश र छायाको ज्ञान (Light and Shadow)** – दिन/रात वा प्रकाशको दिशा अनुसार उज्यालो–अँध्यारो देखाउने सीप<br>• **पृष्ठभूमि र अग्रभूमिको विभाजन (Background & Foreground Handling)** – चित्रमा प्राथमिकता दिने वस्तुहरू चिनाउने तरिका<br>• **गतिशीलता वा जीवन्तता दिन सक्ने तरिका (Sense of Movement)** – पात्रको गतिविधि वा घटना जीवन्त देखाउने सीप<br>• **थिम वा सन्देश अनुसार चित्र सिर्जना गर्ने क्षमता** – चित्रले दिने भाव वा कथालाई बुझ्ने र उतार्ने सीप | |

**मोड्युल २ : मूर्तिकला**

**विवरण ( Description ) :** यस मोड्युलमा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने बालबालिकाहरुका लागि ललितकला अन्तर्गतको मूर्तिकला विषय क्षेत्रमा माटोबाट मूर्ति बनाउने, सजावट गर्ने, स्थानीय शैलीको अभ्यास गर्ने तथा समूहगत सिर्जनात्मक कार्यहरू गर्ने जस्ता क्रियाकलापहरु समेटिएका छन्।

| |
|---|
| **मोड्युल परिणाम ( Module Outcome ) :** यस मोड्युल पूरा भएपछि विद्यार्थीहरु माटोबाट साधारण मूर्ति बनाउने, सजावट गर्ने, स्थानीय शैलीको अभ्यास गर्ने तथा समूहगत सिर्जनात्मक कार्यहरू गर्ने जस्ता कार्य गर्न सक्षम हुनेछन्। |
| **कार्यचरणहरु :**<br><br>**१. मूर्तिको आधारभूत परिचय र प्राचीन कला**<br><br>**२. माटोबाट साधारण मूर्ति बनाउने**<br><br>**३. रंग र सजावट गरेर राम्रो बनाउने**<br><br>**४. स्थानीय शैलीको अभ्यास गर्ने**<br><br>**५. प्रयोगशाला र प्रदर्शनी** |
| समय : सैद्वान्तिक ४.५ घण्टा+व्यवहारिक १०.५ घण्टा= १५ घण्टा |

| **क्रियाकलाप /कार्य चरणहरु** | **अन्तिम कार्य सम्पादन उद्देश्य /सिकाइ उपलब्धि** | **आवश्यक प्राविधिक ज्ञान** | **अनुमानित कार्यघण्टा** |
|---|---|---|---|
| **१. मूर्तिको आधारभूत परिचय र प्राचीन कला**<br><br>• मूर्तिकला सम्बन्धी चित्र, फोटो वा भौतिक नमुना अवलोकन गराउने<br><br>• मूर्तिकला सम्बन्धी भिडियो प्रदर्शन गर्ने | मूर्तिको आधारभूत परिचय र प्राचीन कला सम्बन्धि ज्ञान | **१. मूर्तिको आधारभूत परिचय र प्राचीन कला**<br><br>आवश्यक प्राविधिक ज्ञान:<br><br>• मूर्तिकला के हो? प्रकारहरू (पूर्ण, अर्ध, उच्च-निम्न उभिएको आदि) | ३ घण्टा |

| | | | |
|---|---|---|---|
| • सामान्य प्रश्नोत्तर अभ्यास गराउने<br>• मूर्तिकला सम्बन्धी शब्दावली सिकाउने – मूर्तिकला, त्रिविमीय (3D), आकृति, संरचना, आधार, सामग्री आदि शब्दको अभ्यास।<br>• नेपालका प्राचीन मूर्तिहरूको चित्र वा जानकारी संकलन गराउने<br>• सांस्कृतिक स्थल भ्रमण (यदि सम्भव छ भने) | | • सामग्रीहरू: माटो, धातु, काठ, ढुंगा आदि<br>• प्राचीन मूर्तिकला (जस्तै: लक्ष्मी, बुद्ध, किरातकालीन मूर्ति) को शैली र विशेषता<br>• सन्तुलन, अनुपात र रूप–रेखा बुझ्ने आधारभूत ज्ञान<br>**२. माटोबाट साधारण मूर्ति बनाउने**<br>आवश्यक प्राविधिक ज्ञान :<br>• सही प्रकारको माटो छनोट गर्ने तरिका<br>• माटो तयारी (भिजाउने, मल्ने, फिल्टर गर्ने आदि प्रक्रिया)<br>• हात, औंला, उपकरण प्रयोग गरेर मूर्तिको बनावट निर्माण गर्ने सीप<br>• मूर्तिलाई उभ्याउने संरचना बनाउने आधारभूत जानकारी<br>**३. रंग र सजावट गरेर राम्रो बनाउने**<br>**आवश्यक प्राविधिक ज्ञान:**<br>• माटो सुकाएपछि रंग प्रयोग गर्ने सही समय<br>• एक/दुई तहमा रङ लगाउने प्रविधि<br>• एकरूपता, छायाँ/प्रकाशको प्रभाव र बनावटमा मेल | |
| **२. माटोबाट साधारण मूर्ति बनाउने**<br>(क) **माटोको परिचय र तयारी**<br>• मूर्तिकला प्रयोजनका लागि उपयुक्त माटो चिनाउने<br>• माटोलाई सफा गर्ने, निथार्ने अभ्यास गराउने<br>(ख) **आकार र रूपको अध्ययन**<br>• मूर्तिको आधार तयार पार्ने (गोलो, अण्डाकार, सिलिन्डर आदि आधारशिला बनाउने)<br>(ग) **साधारण मूर्तिको अभ्यास** | माटोबाट साधारण मूर्ति बनाउने सीपको विकास | | |

| | |
|---|---|
| • फलफूल, जनावर, पात्र वा दैनिक जीवनका वस्तुहरू जस्तै घडा, कटोरी आदि बनाउने<br><br>**(घ) मानव मुख वा हात–खुट्टा जस्ता अंगहरूको आधारभूत संरचना बनाउने अभ्यास**<br><br>• सरल रूपमा नाक, आँखा, मुख बनाउने अभ्यास<br><br>(ङ) **मिलाउने र सुकाउने प्रक्रिया अभ्यास**<br><br>• बनाइएका मूर्तिलाई सिधा, सन्तुलित बनाउने तरिका सिकाउने<br>• हावामा सुकाउने प्रक्रिया र सावधानीहरू<br><br>(च) **रङ गर्ने वा चित्रांकन गर्ने तयारी (यदि उपयुक्त छ भने)**<br><br>• माटो सुकिएपछि रङ वा सजावट गर्ने अभ्यास | |
| **४. स्थानीय शैलीको अभ्यास**<br><br>• समुदायमा प्रचलित मूर्तिकला (जस्तै: धार्मिक मूर्ति, परम्परागत जनावर वा पात्रहरू) को अध्ययन | विद्यार्थीहरूले स्थानीय कला, संस्कृति र परम्पराको समझदारीसहित मौलिक मूर्तिकला |

| | |
|---|---|
| • सजावटका लागि उपयुक्त सामग्रीहरूको प्रयोग (पोते, चुरा, कपडा टुक्रा, सानो गहना आदि)<br><br>**४. प्रयोगशाला र प्रदर्शनी**<br><br>आवश्यक प्राविधिक ज्ञान:<br><br>• मूर्तिहरू सुरक्षित रूपमा स्थानान्तरण गर्ने तरिका<br>• प्रयोगशालामा सामग्री व्यवस्थित राख्ने, काम गर्ने सुरक्षात्मक उपायहरू (जस्तै: ग्लोभ्स, मास्क आदि)<br>• प्रदर्शनीका लागि प्रस्तुति प्रविधि (नाम ट्याग, लाइटिङ्ग, स्थान आदि)<br>• समिक्षा र अभिव्यक्ति (कुन मूर्ति किन, के भावमा बनाइएको?)<br><br>• स्थानीय क्षेत्रको परम्परागत मूर्तिकलाको इतिहास, विशेषता र प्रयोजनको ज्ञान<br>• स्थानीय शैलीमा प्रयोग हुने रेखा, बनावट र भावको पहिचान<br>• मूर्तिकलाले व्यक्त गर्ने धार्मिक, सांस्कृतिक वा सामाजिक सन्देशको बुझाइ | |
| | ३ घण्टा |

| | | | |
|---|---|---|---|
| • स्थानीय सामग्री प्रयोग गरेर मूर्ति बनाउने अभ्यास<br>• नजिकको मूर्तिकार कार्यशाला वा मन्दिर अवलोकन गराउने | सिर्जना गर्न सक्ने क्षमता विकास गर्छन्। | | |
| **५. प्रयोगशाला प्रर्दशनी**<br>• विद्यार्थीहरूले तयार पारेका मूर्तिहरूको प्रदर्शनी आयोजना गर्ने<br>• उत्कृष्ठ कृति छनोट गरी प्रमाणपत्र वा पुरस्कार वितरण गर्ने | सहकार्य, सञ्चार, योजना बनाउने आदि सीपको विकास | | ३ घण्टा |

**मोड्युल ३ : नृत्य**

| |
|---|
| **विवरण ( Description ) :** यस मोड्युलमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि नृत्य विधा अन्तर्गत तालमा हिँड्ने, हात र शरीरको चाल मिलाउने, परम्परागत नाच सिक्ने, गित अनुसार नृत्य गर्ने, समूहमा नृत्य प्रस्तुत गर्ने र स्थानीय सांस्कृतिक नृत्य अभ्यास गर्ने क्रियाकलापहरू समेटिएको छ । |
| **मोड्युल परिणाम ( Module Outcome ) :** यस मोड्युल पूरा भएपछि विद्यार्थीहरु तालमा हिँड्ने, हात र शरीरको चाल मिलाउने, परम्परागत नाच सिक्ने, गीत अनुसार नृत्य गर्ने, समूहमा नृत्य प्रस्तुत गर्ने र स्थानीय सांस्कृतिक नृत्य अभ्यास गर्ने जस्ता कार्य गर्न सक्षम हुनेछन् । |
| **कार्य चरणहरु :**<br><br>१. नृत्यको परिचय<br>२. साधारण नृत्य अभ्यास<br>३. सांस्कृतिक नृत्यहरू<br>४. नृत्यको ताल र लय |

| |
|---|
| ५. अभिनय र भाव<br>६. नृत्य प्रस्तुति र प्रदर्शन<br>७. सामाजिक र सांस्कृतिक महत्व |
| समय : सैद्वान्तिक ४.५ घण्टा+व्यवहारिक १०.५ घण्टा= १५ घण्टा |

| **क्रियाकलाप /कार्य चरणहरु** | **अन्तिम कार्य सम्पादन उद्देश्य /सिकाइ उपलब्धि** | **आवश्यक प्राविधिक ज्ञान** | **अनुमानित कार्यघण्टा** |
|---|---|---|---|
| १. नृत्यको परिचय<br>• नृत्यका प्रकारहरूको चित्र/ भिडियोमार्फत चिनारी गराउने<br>• नृत्यका ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिबारे श्रव्यदृश्य सामग्रीमार्फत छलफल गराउने | नृत्यको परिचय दिन | **१. नृत्यको परिचय**<br>• नृत्यका प्रमुख प्रकारहरू (शास्त्रीय, लोक, आधुनिक) को पहिचान<br>• नृत्य र संगीतबीचको सम्बन्ध<br>• नेपाली लोकनृत्यको विशेषता र ऐतिहासिक पृष्ठभूमि | २ घण्टा |
| २. साधारण नृत्य अभ्यास<br>• हात, खुट्टा, कम्मरको समन्वयमा आधारभूत चालहरूको अभ्यास<br>• लयमा ताल मिलाएर समूहमा समान गतिमा नाच्ने अभ्यास गराउने | साधारण नृत्य अभ्यास गर्न | **२. साधारण नृत्य अभ्यास**<br>• शरीरका विभिन्न भागहरूको सन्तुलित प्रयोग (हात, खुट्टा, टाउको, कम्मर)<br>• चाल/स्टेपहरू अभ्यास गर्दा सन्तुलन, लय र लचकताको महत्व<br>• सही उभिने, फर्किने, अगाडि-पछाडि चाल चल्ने विधि | ३ घण्टा |

| | | | |
|---|---|---|---|
| ३. सांस्कृतिक नृत्यहरू<br>• स्थानीय लोकनृत्य (जस्तैः चण्डी, हुर्रा बालन, तामाङसेलो,मारुनी, सोरठी, मारुनी, आदि ) को अभ्यास<br>• भेषभूषा सहित पारम्परिक गीतमा आधारित छोटो नृत्यको प्रस्तुति तयारी | सांस्कृतिक नृत्यहरू प्रदर्शन गर्न | **३. सांस्कृतिक नृत्यहरु**<br>• विभिन्न जातजाति/समुदायका नृत्यहरूको शैली र संरचना<br>• तिनको भेषभूषा, संगीत र भावको ज्ञान<br>• परम्परागत नृत्यको संरचना (आरम्भ, मध्य, अन्त्य भाग) बुझ्ने सीप | २ घण्टा |
| ४. नृत्यको ताल र लय<br>• ताल/लय बुझ्न ताली दिँदै ताल गन्ने अभ्यास<br>• मादल तालमा चाल मिलाउने प्रयास गराउने | ताल र लयमा नृत्य गर्न | **४. नृत्यको ताल र लय**<br>• तालमा चाल मिलाउने अभ्यास (रिदम र टाइमिङ्को महत्त्व)<br>• ताल अनुरूप गति परिवर्तन (धीमा, मध्यम, छिटो चाल) | २ घण्टा |
| ५. अभिनय र भाव<br>• गीतको बोलअनुसार अनुहार र हाउभाउ मिलाउने अभ्यास<br>• खुशी, दुःखी, उत्साही, लाजलाग्दो आदि भावको अभिनय गरेर नाच्ने अभ्यास | गितको भाव अनुसार अभिनय र भाव प्रदर्शन गर्न | **५. अभिनय र भाव**<br>• अनुहारका भावहरू (हर्ष, विषाद, लाज, घृणा आदि) प्रयोग गर्ने तरिका<br>• गीत वा संगीतको अर्थ बुझेपछि त्यसको अनुकूल हाउभाउ मिलाउने<br>• आँखाको चाल, मुद्राको स्पष्टता र प्रस्तुति समयको आत्मविश्वास | २ घण्टा |

| | | | |
|---|---|---|---|
| ६. नृत्य प्रस्तुति र प्रदर्शन<br>• समूहगत रुपमा एउटा नृत्य तयार गरी विद्यालयभित्र प्रदर्शन गर्ने<br>• प्रस्तुति अघिको तयारी जस्तै पोशाक, सजावट, प्रवेश/प्रस्थान अभ्यास | नृत्य प्रस्तुति र प्रदर्शन गर्न | **६. नृत्य प्रस्तुति र प्रदर्शन**<br>• प्रस्तुति स्थान (Stage/मञ्च) को उपयोग गर्ने तरिका<br>• प्रवेश, केन्द्र भागमा प्रस्तुति, र निकासको शैली<br>• समूह तालमेल, अनुशासन, ड्रेसको तयारी, समय व्यवस्थापन | २ घण्टा |
| ७. सामाजिक र सांस्कृतिक महत्व<br>• नृत्यको माध्यमबाट सामाजिक सन्देश दिने प्रस्तुति बनाउने<br>• चाडपर्व, जात्रा, रीतिथिति र लोक संस्कृतिसँग जोडिएका नृत्यबारे समूह छलफल गराउने | नृत्यको सामाजिक र सांस्कृतिक महत्व बताउन | **७. सामाजिक र सांस्कृतिक महत्व**<br>• नृत्यले समाजमा दिने सन्देश र त्यसको प्रभाव बुझ्ने क्षमता<br>• चाडपर्व, सांस्कृतिक कार्यक्रम, रीतिरिवाजसँग जोडिएको नृत्यको ज्ञान<br>• नृत्यमार्फत परम्परागत सांस्कृतिक मूल्यहरू संरक्षण गर्ने सोच | २ घण्टा |

**मोड्युल ४ : गायन र वादन**

| |
|---|
| **विवरण ( Description ) :** यस मोड्युलमा कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने बालबालिकाहरुका लागि गायनमा स्वर अभ्यास, गीत गाउने, ताल मिलाउने, र बादनमा वाद्ययन्त्र बजाउने, ताल सिक्ने, र समूहमा संगीत बजाउने जस्ता क्रियाकलापहरू अभ्यास गर्ने तथा समूहगत सिर्जनात्मक कार्यहरू समेटिएको छ। |
| **मोड्युल परिणाम ( Module Outcome ) :** यस मोड्युल पूरा भएपछि विद्यार्थीहरु गायनमा स्वर अभ्यास, गीत गाउने, ताल मिलाउने, र बादनमा वाद्ययन्त्र बजाउने, ताल सिक्ने, र समूहमा संगीत बजाउने जस्ता क्रियाकलापहरू अभ्यास गर्ने तथा समूहगत सिर्जनात्मक कार्यहरू गर्न सक्षम हुनेछन्। |
| कार्यचरणहरु : |

| |
|---|
| १.  स्वर अभ्यास (सा, रे, ग, म...)<br><br>२. तालको सामान्य ज्ञान<br><br>३. वाद्ययन्त्र बजाउने<br><br>४. गीतको अर्थ र भाव अनुसार गाउने अभ्यास<br><br>५. समुहमा सङ्गीत बजाउने |
| समय : सैद्धान्तिक ४.५ घण्टा+व्यवहारिक १०.५ घण्टा= १५ घण्टा |

| **क्रियाकलाप/ कार्य चरणहरु** | **अन्तिम कार्य सम्पादन उद्देश्य /सिकाइ उपलब्धि** | **आवश्यक प्राविधिक ज्ञान** | **अनुमानित कार्यघण्टा** |
|---|---|---|---|

<table>
<tr>
<td>१. स्वर अभ्यास (सा, रे, ग, म ......)<br><br># सरगम (सा-रे-ग-म) आरोह अवरोह गाउने<br><br># स्वर मिलाएर सरल धुन बनाउने<br><br># श्वास नियन्त्रणका लागि लामो स्वर गाउने<br><br># सामुहिक रुपमा सरगम गाउने अभ्यास<br><br># बालगीत, लोकगीत वा भजन गाउने अभ्यास</td>
<td>स्वर अभ्यास गर्न</td>
